"त्रिवेदीशेय व्यापारिक नगर : समृद्ध गल्छी शहर"

स्थानीय सरकार

गल्छी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बैरेनी, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या: क.प्र/०१/२०८३/८४

चलानी नं:

मिति: २०८३/०७/१०

ने. सं. ११४६ कौलागा प्रतिपदा

सूचना ! सूचना !! सूचना !!!

विषय: अविरल वर्षा र विपद् जोखिम सम्बन्धी सतर्कता अपनाउने बारे।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाको विशेष बुलेटिन अनुसार आगामी मिति २०८३ साल कार्तिक ११ गतेदेखि मिति २०८३ साल कार्तिक १४ गतेसम्म यस क्षेत्रमा मेघगर्जन र चट्याङसहित भारीदेखि धेरै भारी वर्षा हुने सम्भावना रहेको छ। गल्छी गाउँपालिका क्षेत्र भएर बग्ने त्रिशूली नदी, महेश खोला लगायत अन्य साना-ठूला खहरे खोलाहरूमा जलसतह अत्यधिक बढ्न सक्ने र कमजोर धरातल भएका पहाडी भू-भागहरूमा पहिरो जान सक्ने उच्च जोखिम रहेको छ।

तसर्थ, सम्भावित प्राकृतिक विपद् र धनजनको क्षतिलाई न्यूनीकरण गर्न गल्छी गाउँपालिका क्षेत्रभित्र बसोबास गर्नुहुने सम्पूर्ण आदरणीय नागरिक, सुरक्षा निकाय, जनप्रतिनिधि, र सरोकारवालाहरूमा देहाय बमोजिम सजगता अपनाउनु हुन हार्दिक अनुरोध गरिन्छ:

१. **नदी र खोला किनार क्षेत्रमा सतर्कता:** त्रिशूली नदी र महेश खोला आसपासका तटीय क्षेत्र तथा खहरे खोलाको आसपासमा बसोबास गर्ने बासिन्दाहरूले पानीको बहावमा ध्यान दिई उच्च सतर्कता अपनाउनु हुन र आवश्यक परेमा सुरक्षित स्थानमा स्थानान्तरण हुन अनुरोध छ।

२. **पहिरोको जोखिम भएका क्षेत्र:** विगतमा पहिरो गएका वा पहिरोको जोखिम रहेका भिरालो जमिन आसपासका बस्तीहरूमा रहनुहुने नागरिकहरूले विशेष ध्यान दिनुहुन र रातको समयमा थप सतर्क रहनुहुन अनुरोध गरिन्छ।

३. **कृषिजन्य उत्पादनको संरक्षण गर्नु हुन:** यस गाउँपालिका क्षेत्रभित्रका कृषिक जनसमुदायहरुलाई सो समयावधिभित्र वर्षाका कारणले नोक्सान हुने कार्यमा सावधानी अपनाउन अनुरोध छ ।

४. **नदीजन्य कार्यमा रोक:** वर्षाको समयमा त्रिशूली र महेश खोलामा माछा मार्ने, पौडी खेल्ने, काठ दाउरा संकलन गर्ने वा बालुवा-ढुङ्गा निकाल्ने जस्ता जोखिमपूर्ण कार्यहरू पूर्ण रूपमा नगर्न/नगराउनु हुन सूचित गरिन्छ।

५. **आकस्मिक तयारी र समन्वय:** वडा कार्यालयहरू, स्थानीय विपद् व्यवस्थापन समितिहरू र सुरक्षा निकायहरूलाई तयारी अवस्थामा रहन निर्देशन दिइएको छ । कुनै पनि स्थानमा विपद्को घटना घटेमा वा जोखिमको पूर्वसंकेत पाइएमा तुरुन्तै आ-आफ्नो वडाका जनप्रतिनिधि, प्रहरी वा गाउँपालिकाको आकस्मिक सञ्चार नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध छ।

आपतकालीन सम्पर्कका लागि:

- गाउँपालिका विपद् व्यवस्थापन शाखा प्रमुख राम प्रसाद ज्ञवाली : ९८५१०३५८७२

विपद्को घडीमा धैर्य र संयमता अपनाई सम्भावित जोखिमबाट बचौं र बचाऔं।

(पुर्ण प्रसाद दुलाल)

प्रमुख प्रशासकीय अधिकृत

पूर्ण प्रसाद दुलाल

प्रमुख प्रशासकीय अधिकृत